# स्कूलका जवानहरुको सामाजिक न्याय

## Social Justice for Youth in School

Nepali



## सन्दर्भहरु


http://www.justice.gc.ca/eng/rp-pr/csj-sjc/jsp-sjp/rp02_8-dr02_8/p6.html

http://en.unesco.org/themes/women-s-and-girls-education

http://www.genderandeducation.com/resources-2/inclusion/promoting-gender-equality-in-schools/

http://www.theatlantic.com/education/archive/2014/03/the-never-ending-controversy-over-all-girls-education/284508/

https://blogs.unicef.org/evidence-for-action/migrant-children-face-higher-rates-of-bullying/

http://international.gc.ca/world-monde/aid-aide/child_soldiers-enfants_soldats.aspx?lang=eng

http://rightsofchildren.ca/wp-content/uploads/2016/01/CCRC-report-on-rights-of-children-in-Canada.pdf

https://www.bullyingcanada.ca/what-is-bullying

http://www.legalrightsforyouth.ca/rights-and-responsibilities/legal-responsibilities

http://www.legalrightsforyouth.ca/



Brought to you by:
www.swissask.ca

SASKATCHEWAN SWIS COORDINATION
SSC

Funded by:
Immigration, Refugees and Citizenship Canada

Financé par:
Immigration, Réfugiés et Citoyenneté Canada



## स्कूलहरुमा भएका जवानहरुका लागी सामाजिक न्याय

क्यानाडामा स्कूलको वातावरण संग घुलमिल हुने कुरा नयाँ जवानहरुलाई सिकाउन सकिन्छ । नानीहरु र किशोर-किशोरीहरु सामान्यतया स्कूलमा चुनौतीपूर्ण अनुभवहरु भएर गुज्रिने गर्छन, यसमा हेपाइ र झगडाहरु समावेश छन् । आप्रवासी र शरणार्थीहरुका लागी, त्यस्ता चुनौतीहरु क्यानाडेली विद्यार्थीहरु भन्दा अझ बढी तिव्र हुनसक्छ, वितेका अनुभव र पृष्ठभूमिका कारण । उत्तर अमेरिकन समाजमा बानी पर्न समय लाग्छ, र यो एकै रातमा हुँदैन । स्कूलहरुमा नयाँ विद्यार्थीहरुलाई घुलमिल गर्न र शैक्षिक सफलता हासिल गराउन मद्दत गर्नको निम्ति अनुवादकहरु र परामर्शदाताहरु भए एउटा आदर्श बन्थ्यो, तर त्यस्तो अवस्था छैन । त्यसको साथै त्यहाँ, स्कूलमा समानता र न्याय जस्ता कुराहरुको पनि समस्या हुनसक्छ । न्यायको अवधारणा देश अनुसार फरक पर्न सक्छ । क्यानाडामा, सामाजिक न्यायमा हरेक व्यक्तिको निम्ति समानता र मानव अधिकारहरुको प्रोत्साहन समावेश छ ।



## जातीय समानता

विभिन्न संस्कृतिहरु, जातिहरु, वर्गहरु र वंशका मानिसहरुले क्यानाडालाई  आफ्नो घर बनाउँछन् । क्यानाडा एउटा बहुसंस्कृतिक देश हो जसलाई यसको विभिदतामा गर्व छ, र क्यानेडेली स्कूलहरु यस बाट अलग छैन । जातीय आधारमा भेदभाव गैह्र कानूनी हो र यसले अधिकारहरु र स्वतन्त्रताको क्यानेडेली घोषणा-पत्र (Canadian Charter of Rights and Freedoms) को नियम भंग गर्छ । ऐतिहासिक रुपमा, प्रत्यक्ष अल्पसंख्यकहरु, जस्तै आदिवासी मानिसहरु र आप्रवासीहरु क्यानाडामा जातिय भेदभाव को शिकारहरु हुने गरेका छन् । तैपनि, समुदायसंग एकीकृत गराएर भेदभावको त्यस्तो चलनलाई अन्त्य गर्न जरूरी छ । बहु सांस्कृतिकपनाको उत्सव मनाउनु र क्यानेडेली संस्कृतिको एउटा भाग विभिदता हो भनि बुझ्नु महत्वपूर्ण छ ।





## लैंगिक समानता

धेरै नानीहरुको निम्ति हेप्ने प्रविति (bullying) दैनिक जीवनको भाग हो। यसमा त्यस्तो व्यवहार समावेश भएको हुन्छ जुन स्कूलमा एउटा अर्को विद्यार्थीलाई चोट पुर्याउन र डर देखाउन प्रयोग हुन्छ, र यो संधै शारीरिक हुँदैन। हेप्ने कुरा शब्द बाट पनि हुनसक्छ, जस्तै धम्कि र अपमानजनक टिप्पणीहरु एउटा अर्को व्यक्तिको शारीरिक चरित्र, जातीत्व, जन्म थलो, वा यौन ज्ञान सम्बन्धि जस्ता कुराहरु। अरु नानिहरुलाई अलग गराउने, तुच्छ पार्ने, गलत प्रचार फैलाउने र शारीरिक चोट सम्म पुर्याउने कुराहरु पनि हेप्ने कुराको उदाहरणहरु हुन्।

हेप्ने कुराको नतिजा जहिले पनि नकारात्मक छन्, र आफुलाई विचार भने भावना, आत्माहत्याको विचारहरु, मानसिक स्वास्थ्य समस्याहरु र हेपाइ खाने व्यक्तिको एक्लोपना जस्ता कुराहरु समावेश हुन्छन। हेप्ने व्यवहार कहिल्यै स्वीकार्य छैन।



## बालबालिकाको अधिकार

क्यानडामा बालबालिकाहरु र युवाहरुको अधिकारलाई कानूनले रक्षा गरिएको छ।

बालबालिकाहरुको अधिकारमा समावेश भएका कुराहरु:

- सबै प्रकारको हिंसा बाट स्वतन्त्रता
- गरिबी बाट स्वतन्त्रता
- कार्य स्थलमा शोषण बाट र यौन शोषण बाट स्वतन्त्रता
- स्वास्थ्य जिउने नीतिहरु र स्वस्थ सुविधाको अधिकार
- शिक्षाको अधिकार
- सूचनाको अधिकार
- स्पस्ट अपराधिक न्याय पहुँच को अधिकार
- बाल्यवास्था कल्याण र विकासको अधिकार
- खेल्न पाउने अधिकार
- एउटा परिवार, परिचय र संस्कृतिको अधिकार

आप्रवाशी अधिकारिहरुले तिनीहरुको उत्तम चाहनाहरुलाई, मानवीयरुपले र दयाभावक साथ् पुरा गरिदिउन भन्ने अधिकार शरणार्थी र आप्रवाशी नानीहरु र जवानहरु संग पनि छ (Convention on the Rights of the Child/ बालबालिकाको अधिकार माथि को सम्मेलन )। यसको अर्थ यो हो कि अप्रवाशी सम्बन्धि प्रक्रियामा नै कुनै निर्णय लिनु भन्दा अघि प्रत्येक नानीको निम्ति के उत्तम हुन्छ भन्ने कुरा विचार गरिने छ। त्यसको साथै, क्यानाडामा भएका जवानहरु संग पनि अनि कुनै व्यक्तिहरुको जस्तै अधिकारहरु छ, जस्तै, अदालतमा दोष प्रमाणित नभएसम्म तिनीहरुलाई निर्दोष हेरिनु पर्छ भने अधिकार, एउटा निष्पक्ष जांच र क्रूर दण्ड न भोगुन भन्ने अधिकार।

## हेप्ने प्रवित्ति

धेरै नानीहरुको निम्ति हेप्ने प्रवित्ति (bullying) दैनिक जीवनको भाग हो। यसमा त्यस्तो व्यवहार समावेश भएको हुन्छ जुन स्कूलमा एउटा अर्को विद्यार्थीलाई चोट पुर्याउन र डर देखाउन प्रयोग हुन्छ, र यो संधै शारीरिक हुँदैन। हेप्ने कुरा शब्द बाट पनि हुनसक्छ, जस्तै धम्कि र अपमानजनक टिप्पणीहरु एउटा अर्को व्यक्तिको शारीरिक चरित्र, जातीत्व, जन्म थलो, वा यौन ज्ञान सम्बन्धि जस्ता कुराहरु। अरु नानिहरुलाई अलग गराउने, तुच्छ पार्ने, गलत प्रचार फैलाउने र शारीरिक चोट सम्म पुर्याउने कुराहरु पनि हेप्ने कुराको उदाहरणहरु हुन्।

हेप्ने कुराको नतिजा जहिले पनि नकारात्मक छन्, र आफुलाई विचार भने भावना, आत्माहत्याको विचारहरु, मानसिक स्वास्थ्य समस्याहरु र हेपाइ खाने व्यक्तिको एक्लोपना जस्ता कुराहरु समावेश हुन्छन। हेप्ने व्यवहार कहिल्यै स्वीकार्य छैन।



## असल नागरिकको रुपमा जवानहरुको जिम्मेवारी

क्यानाडामा हरेक व्यक्तिले कानून पालना गर्छन, चाहे तिनीहरु त्यसमा सहमत नहोउन। सबै जनालाई कानून थाहा छ भनि अनुमान गरिएको छ। त्यसमा ओहोदामा भएका मानिसहरु समावेश छन् (जस्तै सरकार, सैनिक र पुलिस), र साधारण नागरिकहरु पनि। जब सबै व्यक्तिहरुलाई क्यानाडामा अधिकारहरु र स्वतन्त्रताहरु दिईएको छ भने, तिनीहरुले पनि अरु मानिसहरुको अधिकारको सम्मान गर्नुपर्छ। यसो गर्न असफल हुँदा मुद्दा लाग्न सक्छ र कानूनी जांचको सामना गर्नुपर्ने हुनसक्छ।

हरेक जवान १२ देखि १७ वर्षकाहरु जवानहरुको अपराधिक न्यायिक ऐन (Youth Criminal Justice Act) भित्र पर्छन। त्यसको अर्थ यो हो कि यदि कुनै जवानले एउटा अपराध गर्यो भने, उ वा उनि जवान अपराध अदालतमा न्यायाधिशद्वारा जांच गरिनको निम्ति जानै पर्छ। हरेकलाई अदालतमा एउटा वकिलले प्रतिनिधित्व गर्ने अधिकार र तिनीहरुका मानव अधिकारहरुको सम्मान हुने अधिकार छ।

